# स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका
# आ.व.२०७६/७७

(मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७६/०६/०८)

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय,**

प्रदेश नं. ३

हेटौडा, मकवानपुर, नेपाल

# *विषयसुची*

## खण्ड क

## स्वास्थ्य

PLMBIS Code No. ६.२.२.३, कार्यक्रमको नाम: महिला स्वास्थ्य स्वंय सेविकाहरुका लागि संचार खर्च....१

PLMBIS Code No. ६.२.२.४ , कार्यक्रमको नामः शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान..........................१

PLMBIS Code No. ६.२.२.५, कार्यक्रमको नामः सामुदायिक स्वास्थ्य इकाई संचालन अनुदान .....................२

PLMBIS Code No. ६.२.२.६, कार्यक्रमको नामः एक बिद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार ....................................................................................................................३

PLMBIS Code No. ६.२.२.७, कार्यक्रमको नामः स्वास्थ्य सेवाको पहुँच बढाउन सीमान्तकृत र लोपोन्मुख जातीको उच्च वसोबास रहेको स्थानीय तहमा Roving अ.न.मि. निरन्तरता......................................................५

PLMBIS Code No. ६.२.२.९ , कार्यक्रमको नामः स्थानीय तहमा पुर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल संचालन निरन्तरता (चालु) ..........................................................................६

PLMBIS Code No. ६.२.२.१८, कार्यक्रमको नामः पूर्ण सस्थागत प्रसुती कार्यक्रम ..................................७

PLMBIS Code No. ११.४.२२.१, कार्यक्रमको नामः स्थानीय तहमा अस्पताल -स्वास्थ्य चौकी भवन निर्माण अनुदान निरन्तरता ...........................................................................................................९

PLMBIS Code No.११.४.२२.२,कार्यक्रमको नामः दुधौली नगरपालिकामा सर्पदंश उपचार केन्द्र भवन निर्माण ... १०

PLMBIS Code No. ११.३.९.१, कार्यक्रमको नामः शहरी क्षेत्रमा बायु प्रदुषण मापनका लागि मोनिटर खरिद तथा स्थापना..................................................................................................... ११

PLMBIS Code No. ६.२.२.१७, कार्यक्रमको नामः जनस्वास्थ्य केन्द्र सुदृढीकरण (भक्तपुर नगरपालिका)....... १२

PLMBIS Code No. ११.३.९.२, कार्यक्रमको नामः मुलपानी नगर अस्पताललाई औजार उपकरण खरिद तथा अन्य सहयोग .............................................................................................................. १३

अनुसुची १.........................................................................................................१४

अनुसूची -२.......................................................................................................१५

अनुसूची-३ .......................................................................................................१६

अनुसूची-४ .......................................................................................................१८

अनुसूची-५ ........................................................................................................ १८

अनुसूची -६ ........................................................................................................ २८

अनुसूची -७........................................................................................................ ३०

खण्ड ख

सामाजिक विकास महाशाखासंग सम्बन्धित

PLMBIS Code No. ६.२.२.११ बाल विवाह बिरुद्धको अभियान कार्यक्रम ........................................ ३३

PLMBIS Code No. ६.२.२.१४ बाल मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम ....................................... ३४

PLMBIS Code No. ६.२.२.१२ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम ३६

अनुसूची १........................................................................................................ ३९

खण्ड ग

शिक्षा, खेलकुद र साँस्कृतिक

शिक्षा, खेलकुद र साँस्कृतिक क्षेत्रमा_आ व २०७६/०७७ मास्थानीय तहमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमहरु....४१

**कार्यक्रम सञ्चालन गर्दा मूलतः प्रमुख प्रशासकीय अधिकृत, महा/शाखा प्रमुख, लेखा प्रमुख तथा फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरूः**

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस पुस्तिकाको राम्ररी अध्ययन गर्नुपर्नेछ र कार्यक्रम सञ्चालन गर्दा यस पुतिस्तिकामा उल्लेख भएका कार्यविधि अनिवार्य रूपमा पालना पनि गर्नुपर्नेछ ।

२. यस पुस्तिकामा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुख तथा महा/शाखा प्रमुख को हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ ।

३. कार्यक्रम शुरू गर्नु पूर्व कार्यक्रम सञ्चालन प्रकृया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ताको विस्तृत विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लेखित टिप्पणी र आदेश स्वीकृत भए पश्चात कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ ।

४. खरिद तथा निर्माण सँग सम्बन्धित कार्य गर्दा खरिद गर्नुपर्ने सामाग्रीहरुको विज्ञसँग समन्वय गरि स्पेसीफिकेसन र निर्माण कार्यमा नक्सा डीजाईन तयार गरि स्वीकृत गराई मात्र गर्नुपर्नेछ ।

५. सशर्त अनुदानमा विनियोजित रकम कार्यक्रम सञ्चालनका लागि कम हुन गएमा वा कार्यक्रम विस्तार गरी सञ्चालन गर्न आवश्यक भएमा स्थानीय तहको थप श्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

६. यस पस्तिकमा अन्यत्र जेसुकै लेखिएको भएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरीद ऐन २०६३, सार्वजानिक खरीद नियमावली २०६४ (संसोधन २०७६/०१/३०) अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५, भ्रमण खर्च नियमावली २०६४ (कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संसोधन भए, प्रचलित) साथै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ समेत अनुशरण गर्नुपर्दछ।

   **नोटः प्रदेश सरकार, प्रदेश नं.३ को आर्थिक ऐन, नियमावली, कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाडफाड गरि कार्य संचालन गर्नुपर्नेछ ।**

७. कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति चौमासिक र वार्षिक रुपमा पठाउनुपर्नेछ ।

# खण्ड क
# स्वास्थ्य

***PLMBIS Code No. ६.२.२.३, कार्यक्रमको नाम: महिला स्वास्थ्य स्वंय सेविकाहरुका लागि संचार खर्च***

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | महिला स्वास्थ्य स्वयं सेविकालाई उत्प्रेरित गरि आम जनसमुदायमा जनचेतना जगाई स्वास्थ्य सेवाको उपभोगदरमा बृद्दि गर्ने। |
| **सञ्चालन प्रक्रिया** | १. स्थानीय तह अन्तरगत रहेका वडामा कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाको सूची तयार गर्ने।<br>२. स्वास्थ्य शाखाले महिला स्वास्थ्य स्वंय सेविका दिवशको दिनमा समारोह गरि प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकालाई संचार खर्च स्वरुप बार्षिक रू.२५०० एकमुष्ठ उपलब्ध गराउनुपर्नेछ। संचार खर्च बैक खाता मार्फत भूक्तानी गर्न सकिनेछ ।<br>३. स्थानीय तहले आफ्नो आन्तरीक श्रोतबाट समेत महिला स्वास्थ्य स्वयं सेविकालाई उत्प्रेरित गर्न सामाग्री वा नगद दिन सक्नेछ । |
| **बजेट बाँडफाँड** | प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकालाई रू २५००।- |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयले महिला स्वास्थ्य स्वयं सेविकालाई संचार खर्च रु· २५०० एकमुष्ठ उपलब्ध गराइएको यकिन गर्नुपर्नेछ साथै त्यसको प्रभावकारिता समेत अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

PLMBIS Code No. **६.२.२.४ , कार्यक्रमको नाम: शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | शहरी क्षेत्रमा वसोवास गर्ने आम नागरिकहरू विशेष गरेर महिला, बालबालिका, विपन्न तथा सिमान्तकृत वर्ग, अस्थायी बसोबास गर्ने तथा ज्येष्ठ नागरिक समेतको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपभोगमा अभिवृद्दी गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | आ.व. २०७५/७६ मा निर्माण गरि संचालन भएका देहाय वमोजिमका २० वटा स्थानीय तह । |
| **सञ्चालन प्रक्रिया** | १. आ.व.२०७५/०७६ मा निर्माण भएको शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि सेवा करारबाट देहाय बमोजिम जनशक्ति व्यबस्थापन गर्नुपर्नेछ । रकम अपुग भएमा स्थानीय तह समेतको लागत सहभागितामा ब्यबस्थापन गर्नुपर्नेछ ।<br>**क.** हे.अ/अ.हे.व. -१ जना<br>**ख.** स्टाफ नर्स/ अ.न.मि. - १ जना |

| | |
|---|---|
| | **ग.** सरसफाईकर्मी - १ जना<br><br>२. शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि आवश्यक औषधी लगायतका सामग्री स्थानीय तहले व्यवस्था गर्नुपर्दछ । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च बाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि उद्देश्य हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | प्रत्येक महिनाको मासिक प्रतिवेदन DHIS II मार्फत गर्नुपर्नेछ । |

PLMBIS Code No. **६.२.२.५, कार्यक्रमको नामः सामुदायिक स्वास्थ्य इकाई संचालन अनुदान**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | ग्रामिण दुर्गम क्षेत्रमा वसोवास गर्ने आम नागरिकहरू विशेष गरेर महिला, बालबालिका, गरीब तथा सिमान्तकृत वर्ग, अस्थायी बसोबास गर्ने तथा ज्येष्ठ नागरिक समेतको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाइ पहुँच र उपयोगमा अभिवृध्दि गर्न। |
| **सञ्चालन गर्ने निकाय** | आ.व. २०७५/७६ मा संचालन भएका २० वटा स्थानीय तह |
| **सञ्चालन प्रक्रिया** | क. आ.व.२०७५/०७६ मा निर्माण भएको सामुदायिक स्वास्थ्य इकाई सञ्चालनका लागि सेवा करारबाट देहाय बमोजिम जनशक्ति व्यबस्थापन गर्नुपर्नेछ । रकम अपुग भएमा स्थानीय तह समेतको लागत सहभागितामा ब्यबस्थापन गर्नुपर्नेछ ।<br>**क.** हे.अ/अ.हे.व. -१ जना<br>**ख.** स्टाफ नर्स/ अ.न.मि. - १ जना<br>**ग.** सरसफाईकर्मी - १ जना<br><br>ख. सामुदायिक स्वास्थ्य इकाई सञ्चालनका लागि आवश्यक औषधी लगायतका सामग्री स्थानीय तहले व्यवस्था गर्नुपर्दछ । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च बाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्नुपर्नेछ । |

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | ग्रामिण दुर्गम क्षेत्रमा वसोवास गर्ने आम नागरिकहरू विशेष गरेर महिला, बाल बालिका, गरीब तथा सिमान्तकृत वर्ग, अस्थायी बसोबास गर्ने तथा ज्येष्ठ नागरिक समेतको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपयोगमा अभिवृद्दी हुने । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No. **६.२.२.६, कार्यक्रमको नामः एक बिद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार**

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | १. विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पु-याई बालबालिका तथा किशोरकिशोरीको समग्र स्वास्थ्य सरसफाई, मानसिक स्वास्थ्य, पोषण प्रवर्धन, यौन तथा प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य अवस्थामा सुधार गरि विद्यार्थी तथा समुदायको जीवनशैलीमा सकारात्मक परिवर्तनका लागि उत्प्रेरित गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश नं.३ भित्रका ११९ स्थानीय तहहरु (१०१ वटा विस्तार र १८ वटा निरन्तरता हुने स्थानीय तह) ।<br>(विस्तार र निरन्तरता हुने स्थानीय तहको विवरण अनुसूचीमा ) |
| **सञ्चालन प्रक्रिया** | १. यो कार्यक्रमको फोकल पर्सन स्थानीय तहमा कार्यरत नर्सिङ्ग अधिकृत (नर्सिङ्ग स्टाफ) हुनेछ ।<br>२. यस आ·व· मा कार्यक्रम विस्तार हुने स्थानीय तहले “एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६”को दफा ४ वमोजिम विद्यालय छनौट गर्नुपर्नेछ । र सो को जानकारी मन्त्रालयलाई दिनुपर्दछ ।<br>३. विद्यालय छनौट पश्चात स्थानीय तहको स्वास्थ्य शाखाले विद्यालयमा विद्यालय नर्सिङ्ग कक्ष अनुसूची ७ वमोजिम व्यवस्थापन गर्नुपर्नेछ । औषधि तथा औषधिजन्य सामाग्री थप (Replenish) आवश्यकता परेमा स्थानीय तहले स्वास्थ्य कार्यालयसँग समन्वय गरि वा आफ्नो आन्तरीक स्रोत (मौजुदा) बाट व्यबस्थापन गर्नुपर्नेछ ।<br>४. “एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६” दफा १२ को उपदफा ४ वमोजिम करार गरेका विद्यालय नर्सलाई अनुसूची ४,५,६,८ र ९ वमोजिम कार्यजिम्मेवारी दिई उपयुक्त वातावरण प्रदान गर्न सहजीकरण गर्ने ।<br>५. विद्यालय स्वास्थ्य अन्तर्गत संचालन गर्नुपर्ने कार्यक्रम जस्तै अभिभावक स्वास्थ्य परिक्षण, समुदाय स्वास्थ्य प्रबर्धन तथा परिक्षण जस्ता क्रियाकलाप संचालन गर्दा सहभागीलाई खाजा तथा |

| | |
|---|---|
| | बिद्यालयबाट कार्यक्रम संचालन गर्न जाने सहजकर्तालाई यातायात खर्च उपलब्ध गराउनुपर्नेछ ।<br>६. कार्यक्रमसँग सम्बन्धित अन्य क्रियाकलापहरु "एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६" वमोजिम गर्नुपर्नेछ ।<br>७. कार्यक्रम संचालन गर्दा सरकारी तथा गैह्र सरकारी संघ सस्था (INGO, NGO) हरुसँग (स्थानीय तह तथा विद्यालय स्तरमा) समन्वय गरि स्वास्थ्यका क्रियाकलापहरु योजना बनाई संचालन गर्न सकिनेछ । |
| बजेट बाँडफाँड | **१. गत आ·व· २०७५।७६ बाट शुरु भई निरन्तरताको लागि जम्मा रकम रू. ४२५००० ।-**<br>क. विद्यालय नर्सको लागि तलवः मासिक रू.२८,२००।- का दरले १३ महिनाको (चाडबाड खर्च सहित कम्तिमा छ महिना काम गरेको हुनुपर्ने) -रू ३,६६,६००।-<br>ख. विद्यालय नर्सको लागि ड्रेस(मन्त्रालयले तोके बमोजिम) रू. १०,०००।-<br>ग. अत्यावश्यक औषधि -रू. १०,०००।-<br>घ. मसलन्ध -रू.१०,०००।-<br>ङ. कार्यक्रम (अभिभावक स्वास्थ्य परिक्षण, समुदाय स्वास्थ्य प्रबर्धन तथा परिक्षण जस्ता स्वास्थ्य क्रियाकलाप) संचालन का लागि खाजा र यातायात खर्च -रू.२८४००।-<br>**२. नयाँ विद्यालय विस्तारको लागि (जम्मा रकम रू. ५,००,०००।-**<br>क. विद्यालय नर्सको लागि तलवः मासिक रू.२८,२००।- दरले १० महिनाको-रू २,८२,०००।-<br>ख. विद्यालय नर्सको लागि ड्रेस(मन्त्रालयले तोके बमोजिम) रू. १०,०००।-<br>ग. विद्यालयसँग समन्वय गरि अनुसूची ७ वमोजिमको सामाग्री खरीद गरि विद्यालय नर्सिङ्ग कक्ष व्यबस्थापनका लागि - रू.१,८०,०००।-<br>घ. अभिभावक स्वास्थ्य परिक्षण, समुदाय स्वास्थ्य प्रबर्धन तथा परिक्षण जस्ता स्वास्थ्य क्रियाकलाप) संचालन का लागि खाजा र यातायात खर्च -रू.२८,०००।-<br>३. नयाँ कार्यक्रम विस्तारका लागि छुट्याईएको तलव भत्ताबाट रकम वचत भएमा सामाग्री खरिद तथा विद्यालय स्वास्थ्य कार्यक्रम (अभिभावक स्वास्थ्य परिक्षण, समुदाय स्वास्थ्य प्रबर्धन तथा परिक्षण जस्ता स्वास्थ्य) संचालनका लागि खाजामा खर्च गर्न सकिनेछ ।<br>४. तलव, ड्रेस, चाडबाड खर्च र कार्यक्रम खर्च वरावरको रकम हिसाव गरि एकमुष्ट विद्यालयको चालु खातामा प्रदान गर्नुपर्नेछ ।<br>५. विद्यालय स्वास्थ्य अन्तर्गत संचालन गर्नुपर्ने कार्यक्रम भएमा विद्यालय नर्सले सो को लागि खाजा तथा यातायात खर्च वाडफाड गरि कार्यक्रमको योजना तथा टिप्पणी प्रधानाध्यापकसँग स्वीकृत गरी सञ्चालन गर्नुपर्नेछ ।<br>६. समुदायमा कार्यक्रम गर्दा सम्बन्धित स्वास्थ्य संस्था र स्थानीय तह(स्वास्थ्य शाखा)संग समन्वय र सहयोग लिनुपर्दछ ।<br>**नोटः समुदायमा कार्यक्रम संचालन गर्नुपर्ने भएमा मात्र सहजकर्ताको लागि खाजा र यातायात खर्चको व्यबस्था गर्नुपर्नेछ ।** |

| | |
|---|---|
| | ७. माथिका बुँदामा कार्यन्वयनका लागि खर्च वाडफाड गर्दा सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली २०६४ (संसोधन २०७६), अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५, वा प्रचलित कानून वमोजिम वाँडफाँड गरि कार्यालय प्रमुखलाई टिप्पणी स्वीकृत गराई मात्र गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | १. विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पु-याई बालबालिका तथा किशोरकिशोरीको समग्र स्वास्थ्य सरसफाई, मानसिक स्वास्थ्य, पोषण प्रवर्धन, यौन तथा प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य अवस्थामा सुधार भई विद्यार्थी तथा समुदायको जीवनशैलीमा सकारात्मक परिवर्तनका हुने । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा अनुगमन तथा कार्यक्रमको मुल्यांकन गर्नेछ ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | विद्यालयमा प्रदान गरिएको सेवा स्थानीय तह मार्फत चौमासिक रुपमा प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No. ६.२.२.७, कार्यक्रमको नाम: स्वास्थ्य सेवाको पहुँच बढाउन सीमान्तकृत र लोपोन्मुख जातीको उच्च वसोबास रहेको स्थानीय तहमा Roving अ.न.मि. निरन्तरता

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | सिमान्तकृत तथा लोपोन्मुख समुदायमा प्रमुख जनस्वास्थ्य सेवाको ज्ञान, सूचना प्रबाह गर्ने, स्वास्थ्य सेवा नलिएकालाई सेवामा ल्याउन उत्प्रेरित गर्ने र सम्भब हुने स्वास्थ्य सेवा प्रदान समेत गरी सेवाको प्रयोग र पहुँच बढाउन मद्दत पु-याउने । |
| **सञ्चालन गर्ने निकाय** | आ.व. २०७५/७६ मा कार्यक्रम संचालन भएका १० वटा स्थानीय तह |
| **सञ्चालन प्रक्रिया** | १. यो कार्यक्रमको फोकल पर्सन स्थानीय तहमा कार्यरत नर्सिङ्ग अधिकृत (नर्सिङ्ग स्टाफ) हुनेछ ।<br>२. कार्यक्रमसँग सम्बन्धित अन्य क्रियाकलापहरु “रोभिङ्ग अ.न.मी. कार्यक्रम संचालन कार्यविधि २०७६” वमोजिम संचालन गर्नुपर्नेछ ।<br>३. आ.व. २०७५/७६ मा कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य कार्यालय मार्फत प्राप्त “रोभिङ्ग अ.न.मी. कार्यक्रम संचालन कार्यविधि २०७६” को अनुसूची-९ बमोजिम आवश्यक सामग्री उपयोग गर्नुपर्नेछ । रोभिङ्ग अ.न.मी.को प्रतिवेदन तथा मागफारामको आधारमा कार्यक्रम सञ्चालनका लागि आवश्यक औषधीको व्यवस्थापन सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाले गर्नुपर्नेछ।<br>४. करार गरेका रोभिङ्ग अ.न.मी.हरुलाई अनुसूची ५, ६ वमोजिम कार्यजिम्मेवारी दिई उपयुक्त वातावरण प्रदान गर्न सहजीकरण गर्ने ।<br>५. कार्यक्रम संचालन गर्दा सरकारी तथा गैह्र सरकारी संघ सस्था (INGO, NGO) हरुसँग |

| | |
|---|---|
| | (स्थानीय तह तथा विद्यालय स्तरमा) समन्वय गरि स्वास्थ्यका क्रियाकलापहरु योजना बनाई संचालन गर्न सकिनेछ । |
| **बजेट बाँडफाँड** | निरन्तरताको लागि प्रति स्थानीय तह जम्मा रकम रू. ३,५०,०००/-:<br>(क) रोभिङ्ग अ.न.मी.को लागि तलवः मासिक रू. २६,६०४/- दरले १३ महिनाको चाडबाड खर्च सहित (कम्तिमा छ महिना काम गरेको हुनुपर्ने) -रू ३,४५,८५२/-<br>(ख) तलब बाहेकको बाँकी रकम "रोभिङ्ग अ.न.मी. कार्यक्रम संचालन कार्यविधि २०७६" को अनुसूची ८(क) र ८(ख) बमोजिमको प्रतिबेदन फाराम कम्तिमा ५००/५०० प्रति छपाई तथा अन्य आवश्यक मसलन्द खरिद गरी रोभिङ्ग अ.न.मी.लाई दिनुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | स्थानीय तहले चौमासिक रुपमा मन्त्रालयलाई रोभिंग अ.न.मी. कार्यक्रमको प्रतिवेदन अनुसूची ८(ख) बमोजिम गर्नुपर्नेछ । |

PLMBIS Code No. **६.२.२.९ , कार्यक्रमको नाम: स्थानीय तहमा पुर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल संचालन निरन्तरता (चालु)**

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | स्थानीय तहमा पूर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बृद्धि गर्ने |
| **सञ्चालन गर्ने निकाय** | आ.व. २०७५/७६ मा संचालन भएका १३ वटा स्थानीय तह |
| **सञ्चालन प्रक्रिया** | १. यस कार्यक्रम अन्तरगत गत आ·व· मा सामाजिक विकास मन्त्रालय वा स्थानीय तहबाट सेवा करार मार्फत कार्यरत मेडीकल अफिसर र अन्य आवश्यक कर्मचारीलाई नियमानुसार करार संझौता गरि सेवा सुचारु गर्ने ।<br>२. यस कार्यक्रममा प्राप्त बजेटको विस्तृत कार्ययोजना तयार गर्ने ।यस बजेटबाट सेवा करारमा कार्यरत कर्मचारीको तलब भत्ता लगायतको अनिवार्य दायित्वमा व्यहोर्नुपर्ने रकम गणना गरि बाकी रहेको रकमबाट अस्पताल सञ्चालनका लागि आवश्यक औषधी, उपकरण, मसलन्दमा खर्च गर्न सकिनेछ ।<br>३. अस्पतालमा सेवाग्राहीको चापलाई मध्यनजर गरि चिकित्सकिय सेवा २४ सै घण्टा प्रवाह गर्न स्थानीय तहबाट समेत श्रोत व्यवस्थापन गरि चिकित्सक थप गरी सेवा सञ्चालन गर्न सकिनेछ । |

| | |
|---|---|
| | ४. वार्षिक योजना बनाउदा न्युनतम सेवा मापदण्ड कार्यन्वयन र गुणस्तर सुधारलाई प्राथमिकता दिनुपर्दछ । |
| **बजेट बाँडफाँड** | सम्पुर्ण क्रियाकलापहरु बजेटको परिधि भित्र रहि प्रचलित ऐन, नियमावली तथा कार्यविधि बमोजिम अग्रिम रुपमा कार्यक्रम तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट टिप्पणी स्विकृत गरि गर्नुपर्ने छ। अस्पतालमा हुने अस्थायी दरबन्दी चार्ट अनुसुचीमा दिईएको छ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No. ६.२.२.१८, कार्यक्रमको नाम: पूर्ण सस्थागत प्रसुती कार्यक्रम

| उपशीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | १. घरमा हुने सुत्केरी शुन्य गरी दक्ष प्रशुती कर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाच, प्रशुती सेवा लिन अभिप्रेरित गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउने। |
| **सञ्चालन गर्ने निकाय** | वजेट विनियोजन भएका ७ वटा स्थानीय तहहरु |
| **सञ्चालन प्रक्रिया** | १. स्थानीय तहका स्वास्थ्य युनिटका सुरक्षित मातृत्व कार्यक्रमका फोकल पर्सनले सो तहका पालिका प्रमुख, वडा प्रमुख, वर्थिङ सेन्टरका प्रमुख एवं नर्सिङ स्टाफहरुसँग समन्वय गरी पूर्ण संस्थागत सुत्केरी घोषणाका लागि प्रसुती केन्द्रको कार्यक्षेत्रलाई छनोट गर्नु पर्नेछ ।<br>२. छनौटमा परेका स्थानीय तहका वडा मध्ये गत आ.व.मा सबैभन्दा बढी प्रसुती गराएका र घरमा सुत्केरी हुने संख्या बढी भएको प्रसुती केन्द्र रहेको वडा छनौट गरि घोषणा को कार्यक्रम गर्नुपर्नेछ ।<br>३. छनौटमा परेको वर्थिङ्ग सेन्टरमा कार्यक्रम संचालन (घोषणा प्रक्रिया) सम्बन्धि २ दिनको कार्यशाला गोष्ठी गर्नु पर्नेछ।<br>४. जसमा पहिलो दिनमा सो वडा भित्र रहेका महिला स्वास्थ्य स्वेम सेविका सँग सो वडाको कार्यक्षेत्र भित्र रहेका गर्भवती तथा सुत्केरी महिलाको तथ्यांक संकलन सम्बन्धि छलफल गर्ने ।<br>५. दोश्रो दिनमा स्वास्थ्य सस्थाका स्वास्थ्यकर्मीहरु, स्वास्थ्य व्यबस्थापन समिति, निर्वाचित पदाधिकारीहरु एवंम् महिला स्वास्थ्य स्वेम सेविकाहरुसँग छलफल गरि घोषणाको सम्पूर्ण प्रक्रियाको योजना गर्ने । |

| | |
|---|---|
| | <u>**पूर्ण संस्थागत सुत्केरी घोषणाका मापदण्डहरु**</u><br>क. वडामा रहेका कुल गर्भवतीको ९५ प्रतिशतले (५% जटिलता भएर प्रेषण हुनसक्ने भएको हुनाले) प्रसुती केन्द्रमा सुत्केरी गराएको (३८-४२ हप्ताको गर्भ) हुनुपर्ने ।<br>ख. शत प्रतिशत गर्भवती महिलाहरुले पूर्ण टि.डी. खोप लगाएको हुनुपर्ने ।<br>ग. नेपाल सरकारको प्रोटोकल अनुसार सत प्रतिशत गर्भवती महिलाले गर्भ जाँच गराएको हुनुपर्ने ।<br>घ. गर्भवती बेलामा आइरन तथा जुकाको औषधि खाएको हुनुपर्ने र थप पौस्टिक आहारको लागि परामर्श गराएको हुनुपर्ने ।<br>ङ. पीए.म.टि.सि.टि. सेवा सुरुवात भएका स्वास्थ्य संस्था भएका वडामा रहेका १००% गर्भवती महिलाहरुले स्वास्थ्य सस्था मार्फत उक्त सेवा लिएको हुनुपर्ने ।<br>च. कम्तिमा एक आर्थिक बर्षको अवधिभर उक्त वडामा घरमा सुत्केरी भएको हुनु हुदैन ।<br>छ. संस्थागत सुत्केरीलाई सधैंका लागि निरन्तरता दिन स्थानीय वडा स्तरमा दिगोपनको योजना बनाएको हुनुपर्ने। त्यसको लागि सुत्केरी जाँच गर्न आए वापत प्रोत्याहन गर्ने :नुन, छाता, सावुन, अण्डा लगायतका विभिन्न सामाग्रीहरु वितरणका लागि व्यबस्थापन गर्न सकिने छ ।<br>ज. शतप्रतिशत सुत्केरी महिलाहरुले प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराएको हुनुपर्ने ।<br>झ. यसरि एउटा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्था र वडाहरु घोषणा गर्दै गए पछी पूर्ण संस्थागत सुत्केरी स्थानीय तह घोषणा गर्न सकिने छ।<br>ञ. यो कार्यक्रममा कम्तिमा एउटा वडा घोषणा गर्नुपर्नेछ । |
| **बजेट बाँडफाँड** | १. दुई दिने अभिमुखिकरणका लागि खाजा र यातायात खर्च, सहजकर्ता भत्ता —३००००।००<br>२. पूर्ण सस्थागत प्रसुतीका लागि छनौट गरिएको वडामा रहेका गर्भवती महिलाहरुको लागत संकलन गर्नका लागि खाजा, खाना तथा यातायात खर्च रू (प्रति व्यक्ति रु ४००) —२००००।००<br>३. गर्भवती आमा समूह गठन गरेको भए संचालन गर्ने, गठन नभए गठन गरेर संचालन गर्ने —१०००००।००<br>४. संचार फोन खर्च (गर्भवती तथा सुत्केरी महिलाको प्रोटोकल अनुसार सेवा प्रदान गर्नका लागि फल्लोअप) बर्थिङ्ग सेन्टरको सेवाप्रदायकका लागि मासिक प्रति संस्था रु ३००। —रु २००००।००<br>५. Protocol अनुसार PNC भिजिटका लागि यातायात खर्च(@ रु· २००। प्रति भिजिट) —३५०००।<br>६. प्रचारप्रसार (जनप्रतिनिधि, आमा समुह, म.स्वा.स्वे. सेविका, रेडियो एफएम, TV मार्फत) एक वर्षसम्मका लागि — १००००।<br>७. Protocol अनुसार ANC गर्ने महिलाई अण्डा, र PNC भिजिटका गरेका आमाहरुका लागि खाने तेल जस्ता पोषण प्रवर्धद्वन हुने कार्यका लागि(रु ५००। प्रति व्यक्ति —रु ५००००।<br>८. प्रसुती प्रतिक्षालय (Maternity Waiting Home) स्थापना तथा संचालन —रु ५००००।<br>(स्वास्थ्य संस्थामा रहेको कोठालाई प्रसुती प्रतिक्षालयको रुपमा विकास गर्ने ।त्यसमा आवश्यक पर्ने कार्पेट, खाना पकाउन आवश्यक ग्याँस, चुलो, भाडाकुडा, रेष्टको लागि २ वटा स्थानीय स्तरमा |

| | |
|---|---|
| | बनेका खाट, वेडिङ्गका सामाग्रीहरु खरिद गरि व्यवस्थापन गर्ने । )<br>९. प्रशुती जटिलता भई उक्त वडाको प्रसुती केन्द्रमा हुन नसक्ने भएमा रेफरका लागि यातायात खर्च प्रति जटिलता रु ३०००। को दरले —रु ७००००।<br>१०. प्रसुती सेवा प्रदायक प्रोत्साहन रकम(प्रति केस रु ३००।) —रु २५०००<br>११. प्रशुती लिएर आउनेलाई यातायात खर्च (महिला स्वास्थ्य स्वंय सेविकालाई) प्रोत्साहन स्वरूप रु ४००।प्रति केसका दरले) —रु ४००००।<br>१२. निशुल्क यातायातका लागि एम्बुलेन्स खर्च (आबश्यक भएमा मात्र बढीमा रु ५०००।) —रु ३००००<br>१३. पूर्ण सस्थागत प्रसुती वडा घोषणा —रु२००००।<br>१४. प्रत्येक क्रियाकलापहरु संचालन गर्दा प्रचलित नियमानुसार खर्च वाडफाड गरि कार्यालय प्रमुखलाई टिप्पणी स्वीकृत गराई मात्र गर्नुपर्नेछ ।<br>१५. माथि छुट्याइएको रकम योजनामा आधारित भएको हुनाले कार्यान्वयनको समयमा एउटा शिर्षकको रकम अर्को शिर्षकमा खर्च गर्नुपर्ने भएमा औचित्य पुष्टी गरी अर्को शिर्षकमा वचत भएमा मात्र गर्नुपर्नेछ । साथै स्थानीय तहले समेत श्रोत जुटाउनुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | १. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच कम भएका वडालाई लक्षित गरी ती समुदायका घरमा हुने सुत्केरी शुन्य अभियान संचालन गरी दक्षप्रशुती कर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाच, प्रशुती सेवा लिन अभिप्रेरित हुने।<br>२. उपलब्ध स्वास्थ्य सेवाहरुको उपभोग गरी मातृ तथा शिशु मृत्युदरमा कमी हुने । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **सुचक** | स्वास्थ्य सस्थामा प्रसुती सेवा लिएका, प्रेषण भएका महिलाको संख्या, प्रत्येक क्रियाकलाप सम्पन्न प्रतिवेदन, अनुगमन तथा फिल्ड प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No. **११.४.२२.१, कार्यक्रमको नामः स्थानीय तहमा अस्पताल-स्वास्थ्य चौकी भवन निर्माण अनुदान निरन्तरता**

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | पूर्वाधारको निर्माण भई स्वास्थ्य सेवा प्रवाह गर्न सहजता साथै गुणस्तर अभिवृद्दी गर्न सहयोग पुग्ने । |

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | आ.व. २०७५/७६ मा संचालन भएका स्थानीय तह |
| **सञ्चालन प्रक्रिया** | १. गत आ·व·मा निर्माण शुरु भई निर्माणको क्रममा भएको भवन सोहि बमोजिम निरन्तरता दिनुपर्नेछ । यस आ·व· मा निर्माण शुरु हुने स्वास्थ्य संस्थाको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरिएको "स्वास्थ्य संस्थाहरु निर्माणका लागि निर्माण स्थल छनौट सम्बन्धी मार्गदर्शन २०७०" बमोजिम जग्गा प्राप्ती गरी निर्माण कार्य अघि बढाउनुपर्नेछ ।<br>२. भवन निर्माण गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरीएको **Health Building Infrastructure standard Design Drawing,** नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड २०७४ र तोकिएको नक्शा**(Type)** बमोजिम हुनुपर्नेछ ।<br>३. निर्माण सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियम बमोजिम गर्नुपर्ने छ ।<br>४. भवन निर्माणमा स्थानीय तहको समेत योगदान सहभागीता हुनुपर्नेछ ।<br>५. निर्माण हुने भवनको ल·इ· सामाजिक विकास मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ ।<br>६. भवनको गुणस्तर सुनिश्चितताको लागि नियमित अनुगमन गर्नुपर्नेछ साथै |
| **बजेट बाँडफाँड** | सम्पुर्ण क्रियाकलापहरु बजेटको परिधि भित्र रहि प्रचलित ऐन, नियमावली तथा कार्यविधि बमोजिम अग्रिम रुपमा तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट टिप्पणी स्विकृत गरि गर्नुपर्ने छ। |
| **अपेक्षित उपलव्धी** | आ.व. २०७५/०७६ मा निर्माण शुरुवात भएका स्वास्थ्य संस्थाको भवन निर्माण सम्पन्न भई स्वास्थ्य सेवाको पहुँच र गुणस्तरीयतामा वृद्दी हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले कार्यक्रमको अनुगमन, फिल्ड प्रतिवेदनको आधारमा ।<br>२. स्थानीय तहले स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गरि अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No.**११.४.२२.२,कार्यक्रमको नाम: दुधौली नगरपालिकामा सर्पदंश उपचार केन्द्र भवन निर्माण**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | १. भवन निर्माणका साथै सर्पदंश उपचार केन्द्र स्थापना गरि समयमा सर्पको टोकाई पहिचान गरि व्यवस्थापन तथा आवश्यकतानुसार प्रेषण गर्ने ।<br>२. सर्पको टोकाईबाट हुने जटिलता र मृत्युदर कम गर्ने । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १. सर्पदंश उपचार सम्बन्धि विज्ञ र भवन निर्माण सम्बन्धि प्राविधिकसँग समन्वय गरि नक्सा सहित भवन निर्माणको लगत ईष्टिमेट तयार गर्ने ।<br>२. सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६३(संसोधन २०७६ वा प्रचलित) अनुसार निर्माण गर्ने ।<br>३. भवनको स्वीकृत लःई सहितको टेण्डर डकुमेन्टको एक प्रति मन्त्रालयमा जानकारीका लागि पठाउने । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र तालिम संचालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | दुधौली नगरपालिकामा सर्पदंश उपचार केन्द्र भवन निर्माण सम्पन्न हुने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र सम्बन्धित स्वास्थ्य कार्यालयले भवन निर्माणको स्थलगत अनुगमन तथा फिल्ड प्रतिवेदनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

PLMBIS Code No. **११.३.९.१, कार्यक्रमको नाम: शहरी क्षेत्रमा बायु प्रदुषण मापनका लागि मोनिटर खरिद तथा स्थापना**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | शहरी क्षेत्रमा हुने बायु प्रदुषणको मापन (निरीक्षण) गरि रोकथाम तथा नियन्त्रणका लागि आवश्यक योजना बनाई कार्यन्वयन गर्न सहयोग हुने । |
| **सञ्चालन प्रक्रिया** | १. मोनिटर खरिदका लागि स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>२. स्पेसीफिकेसनका लागि वन तथा वातावरण मन्त्रालय,काठमाण्डौ र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.३ सँग समन्वय गर्न सकिनेछ ।<br>३. सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६३(संसोधन २०७६ वा प्रचलित) अनुसार खरिद गरि व्यबस्थापन गर्ने ।<br>४. मोनिटर खरिद गर्दा नियमानुसार बिमा गर्नुपर्नेछ । सोको लागि आवश्यक रकमको व्यबस्था यसै शीर्षकबाट गर्नुपर्नेछ ।<br>५. खरिद पश्चात मोनिटर उपयूक्त स्थान छनौट गरि Install तथा संचालन गर्नुपर्नेछ । मोनिटर २४ सै घण्टा सञ्चालन हुने गरी सोलार प्रणालीबाट सञ्चालन गर्दा उपयूक्त देखिन्छ ।<br>६. मोनिटरको तथ्याङ्क सामाजिक विकास मन्त्रालय र स्थानीय तहसँग आवद्द हुनेगरी ब्यबस्थापन गर्नुपर्नेछ ।<br>७. स्थानीय तहको स्वास्थ्य शाखा तथा बातावरण शाखा विच समन्वय गरि कार्यक्रम सञ्चालन गर्नुपर्दछ । |

| | |
|---|---|
| | ८. मोनिटर Install पश्चात सो को जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरिद गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | मोनिटर खरिद तथा Install भई सो क्षेत्रको वायुको गुणस्तरीता निगरानी गर्ने सकिने । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले प्राप्त प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ ।<br>२. मोनिटर खरिद तथा Install पश्चात अद्यावधिक भएको **Server** निरीक्षण गरि अनुगमन गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

### PLMBIS Code No. **६.२.२.१७, कार्यक्रमको नाम: जनस्वास्थ्य केन्द्र सुदृढीकरण (भक्तपुर नगरपालिका)**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र(अस्पताल) लाई सुविधा सम्पन्न बनाउने |
| **सञ्चालन प्रक्रिया** | १. भक्तपुर नगरपालिकामा रहेको स्वास्थ्य शाखाले जनस्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न बनाउन आवश्यक पुँजिगत सुधारको कार्ययोजना तयार गर्ने ।<br>२. पुँजिगत सुधार अन्तरगत योजना तयार गर्दा अस्पतालको सेवा विस्तार तथा गुणस्तर अभिवृद्धी गर्न प्रत्यक्ष सहयोग हुने बायोमेडीकल औजार उपकरण खरिद, तथा भौतिक पूर्वाधार निर्माण साथै मर्मत कार्यमा रकम विनियोजन गर्नुपर्दछ ।<br>३. स्वास्थ्य शाखाले तयार गरेको विस्तृत कार्ययोजना नगरकार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।साथै स्वीकृत कार्ययोजनाको एक प्रति सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनुपर्नेछ ।<br>४. स्वीकृत कार्ययोजना तथा बजेटको परिधिभित्र रहि भौतिक पर्वाधार तथा औजार उपकरणको विस्तृत स्पेसीफिकेसन तथा ल·ई· तयार गर्ने ।<br>५. प्रचलित सावर्जनिक खरिद ऐन, नियमावली बमोजिम निर्माण तथा खरिद गर्ने ।<br>६. निर्माण तथा खरिद पश्चात सो को प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनुपर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरिद गर्नुपर्नेछ । |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र(अस्पताल) सुविधा सम्पन्न भई गुणस्तरीय सेवा प्रवाह गर्न सहयोग हुने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयले प्राप्त प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## PLMBIS Code No. **११.३.९.२, कार्यक्रमको नाम: मुलपानी नगर अस्पताललाई औजार उपकरण खरिद तथा अन्य सहयोग**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | मुलपानी नगर अस्पताललाई सुविधा सम्पन्न बनाउने |
| **सञ्चालन प्रक्रिया** | १. नगरपालिकामा रहेको स्वास्थ्य शाखाले मुलपानी नगर अस्पतालको समन्वयमा आवश्यक पुँजिगत सुधारको कार्ययोजना तयार गर्ने ।<br>२. पुँजिगत सुधार अन्तरगत योजना तयार गर्दा अस्पतालको सेवा विस्तार तथा गुणस्तर अभिवृद्धी गर्न प्रत्यक्ष सहयोग हुने बायोमेडीकल औजार उपकरण खरिद, तथा भौतिक पूर्वाधार निर्माण साथै मर्मत कार्यमा रकम विनियोजन गर्नुपर्दछ।<br>३. स्वास्थ्य शाखाले तयार गरेको विस्तृत कार्ययोजना नगरकार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।साथै स्वीकृत कार्ययोजनाको एक प्रति सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनुपर्नेछ ।<br>४. स्वीकृत कार्ययोजना तथा बजेटको परिधिभित्र रहि भौतिक पर्वाधार तथा औजार उपकरणको विस्तृत स्पेसीफिकेसन तथा ल·ई· तयार गर्ने ।<br>५. प्रचलित सावर्जनिक खरिद ऐन, नियमावली बमोजिम निर्माण तथा खरिद गर्ने ।<br>६. निर्माण तथा खरिद पश्चात सो को प्रतिवेदन सामाजिक विकास मन्त्रालयलाई समेत पठाउनुपर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरि कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरिद गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | मुलपानी नगर अस्पताल सुविधा सम्पन्न भई गुणस्तरीय सेवा प्रवाह गर्न सहयोग हुने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयले प्राप्त प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | चौमासिक प्रतिवेदन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |

## अनुसुची १

### *१५ शैया सम्मको अस्पताल सञ्चालनका लागि प्रस्तावित न्यूनतम जनशक्ति तथा सामाग्रीहरुको विवरण*

### *जनशक्ति*

| क्र·स | पदको विवरण | संख्या |
|---|---|---|
| १ | मेडिकल अफिसर | १ |
| २ | हे·अ/सि·अ·हे·व | २ |
| ३ | स्टाफ नर्स | ३ |
| ४ | ल्याव टेक्नीसियन | १ |
| ५ | रेडियोग्राफर | १ |
| ६ | अ·हे·व | २ |
| ७ | अ·न·मी | २ |
| ८ | कार्यालय सहयोगी | ३ |
| जम्मा | | १५ |

**अस्पताल सञ्चालनका लागि स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति नपुग हुने भएमा जनशक्ती मात्र करारमा लिनुपर्नेछ ।**

## अनुसूची -२

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं .३,हेटौडा ,नेपाल

## विद्यालय नर्सको कार्य विवरण

| कार्य विवरण | |
|---|---|
| १. **पदः** विद्यालय नर्स<br>२. **सेवाः** स्वास्थ्य<br>३. **समूहः** नर्सिङ्ग<br>४. **तहः** पाँचौ<br>५. **न्युनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको<br>६. **तलवः(मासिक)** स्वास्थ्य सेवाको पाचौं तह सरह<br>७. **विदाःसुबिधा ,सेवा ,** करार सम्झौतामा उल्लेख भए वमोजिम<br>८. **काम गर्ने समयः** विद्यालयको नियमानुसार<br>९. **उत्तरदायित्वः** विद्यालय व्यबस्थापन समिति ,स्थानीय सरकार , मन्त्रालय<br>१०. **समन्वयः** प्रधानाध्यापकसम्बन्धित ,द्यालय ब्यबस्थापन समितिवि , विद्यार्थी त ,कर्मचारी ,शिक्षकथा अभिभावकहरु | ११. **सुपरिवेक्षण :** बिद्यार्थी<br>१२. **कर्मचारीको नाम : थर ,**<br>१३. **ठेगाना :**<br>प्रदेशः<br>जिल्लाः<br>गाः.पा.न.म/उप/.पा.न/.पा.<br>वडा नंः.<br>सम्पर्क नंः.<br>१४. **नेपाल नर्सिङ्ग परिषदको दर्ता नं :.**<br>१५. **विद्यालयको नामः**<br>ठेगानाः |

## अनुसूची-३

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं .३ ,हेटौडा ,नेपाल

**<u>कार्यक्रमको कार्यक्षेत्र</u>**

(१)कार्यसम्पादनका मापदण्ड

(क) चिकित्सकीय दक्षता

(ख) चिकित्सकीय निर्देशिका

(ग) आचार संहिता

(घ) समालोचनात्मक सोचाई

(ङ) तथ्यमा आधारित अभ्यास

(च) नर्सिङ्ग सेवाका मापदण्ड

(२)विद्यालय स्वास्थ्य सेवा र समन्वय

(क)विरामी विद्यार्थीशिक्षक तथा कर्मचारीको व्यबस्थापन ,

(ख)दीर्घरोग व्यबस्थापन

(ग) सहयोगी प्रभावकारी संचार सिप

(घ) प्रत्यक्ष स्वास्थ्य सेवा

(ङ) स्वास्थ्य शिक्षा

(च) परामर्शप्रोत्साहनात्मक अन्तर्वार्ता /

(छ) नर्सिङ्ग सेवा

(ज) विद्यार्थी हेरचाह योजना

(झ) विद्यार्थी केन्द्रित सेवा

(ञ) विद्यार्थी सशक्तिकरण

(ट) अन्तरिम कार्ययोजना

(३)नेतृत्त्व

(क)एड्भोकेसी पैरवी कर्ता /

(ख)परिवर्तनको संवाहक

(ग) शैक्षिक सुधारक

(घ) आजीवन सिक्न अभिप्रेरित

(ङ) नमुना अभ्यासकर्ता

(च) प्रविधिको जानकार

(छ) नीति निर्माण तथा कार्यन्वयनकर्ता

(ज) ब्यबसायीक रुपमा दक्ष

(झ) प्रणालीगत नेतृत्त्व

(४)गुणस्तर सुधार

(क) गुणस्तर सुधारमा निरन्तरता

(ख) तथ्यांक संकलन तथा अभिलेख ब्यबस्थापन

(ग) मुल्यांकन

(घ) सार्थक शैक्षिकस्वास्थ्य परिणाम/

(ङ) अनुसन्धान

(च) तथ्यांकमा एकरुपता

(५) समुदाय जनस्वास्थ्य/

(क) स्वास्थ्य सेवामा पहुच

(ख) सास्कृतिक दक्षता

(ग) सर्ने तथा नसर्ने रोगको रोकथाम

(घ) वातावरणीय स्वास्थ्य

(ङ) समतामुलक स्वास्थ्य शिक्षा

(च) स्वास्थ्य प्रवर्धन

(छ) बाह्य पहुच

(ज) जनसंख्यामा आधारित सेवा

(झ) जोखिम न्यूनीकरण

(ञ) स्वास्थ्य परिक्षण प्रेषण तथा अनुगमन ,

(ट) स्वास्थ्यका सामाजिक निर्धारक तत्त्व

(ठ) सर्वेक्षण

## अनुसूची-४

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं .३ ,हेटौडा ,नेपाल

### विद्यालय नर्सको काम र कर्तव्य

**१.<u>प्रवर्द्धनात्मक सेवा</u>**

(क) विद्यार्थीहरुको स्वस्थ जीवनशैलीसँग सम्बन्धित मदिराजन्य पेय पदार्थ, सुर्तीजन्य पदार्थहरुको नियन्त्रण गर्न पहल गर्ने ।

(ख) विद्यार्थीहरुलाई जीवनोपयोगी सिप सिकाई स्वस्थ जीवनशैलीसँग सम्बन्धित आचरणहरु सिकाउनुका साथै सकारात्मक सोचको समेत विकास गर्न मद्दत गर्ने ।

(ग) पोषणसम्बन्धी सेवाः

- पोषणसम्बन्धि पोस्टरहरु टास्ने, नाटक स्वस्थकर खानाको प्रबर्धन गर्ने, पोषणको महत्त्वबारे प्रदर्शनी नाटक जस्ता बिधिहरु प्रयोग गरि जानकारी दिने, मेश तथा क्यान्टिनमा पोषिलो तथा सरसफाईयुक्त खानेकुरा बनाउन योजना बनाउन सहयोग गरि उत्प्रेरित गर्ने जस्ता विभिन्न किसिमका पोषण तथा पोषिलो खानेकुराहरुको बारेमा चेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- घरबाट ल्याएको पोषण तथा सरसफाईयुक्त खाजा तथा खानालाई प्रोत्साहन गर्ने ।
- पत्रुखाना (Junkfood) को प्रयोगमा नियन्त्रण गर्ने ।

(घ) विद्यार्थीहरुलाई लागुपदार्थ दुर्व्यसन नियन्त्रण लगायतका विषयमा स्वास्थ्य शिक्षा दिने ।

(ङ) विद्यालयको सिक्न र सिकाउनका लागि सुरक्षित वातावरण, स्वच्छ तथा स्वस्थकर खानेपानी व्यबस्थापनका लागि आवश्यक पहल गर्ने ।

(च) बालबालिका तथा किशोरकिशोरी मैत्री सेवा, पूर्वाधार निर्माण तथा व्यबस्थापनका लागि आवश्यक पहल गर्ने ।

(छ) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई लैंगिक हिंसा, बालहिंसा, बालबालिका तथा चेलीवेटी बेचबिखन, महिला तथा बालबालिकाको हक अधिकार, बालबिबाह निरुत्साहन, किशोरकिशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य इत्यादि विषयमा शिक्षा दिने ।

(ज) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई व्यक्तिगत तथा वातावरणीय सरसफाई तथा फोहोरमैला व्यबस्थापन सम्बन्धी शिक्षा दिने र सम्बन्धित पक्षसँग समन्वय गरि व्यवस्थापन गर्न सहयोग गर्ने ।

(झ) विद्यार्थीहरुलाई स्वाथ्यका विभिन्न विषयहरुमा कार्य योजना तयार गरि प्रदान गरिएको स्वास्थ्य शिक्षा अनुसार व्यवहार परिवर्तन गर्न सहयोग गर्ने ।

(ञ) सर्ने तथा नसर्ने रोगहरुबाट बच्नका लागि चेतनामुलक कार्यक्रमहरु गर्ने ।

(ट) प्रभावकारी तथा स्वस्थ आनीबानी बसाल्नका लागि "विद्यार्थीद्वारा विद्यार्थीलाई" तथा "विद्यार्थीद्वारा समुदायलाई" स्वास्थ्य शिक्षा दिने परम्पराको शुरुवात गर्ने ।

(ठ) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई सकारात्मक सोचको विकास गर्नका लागि विद्यालयमा स्वास्थ्यसम्बन्धी प्रदर्शनी, नाटक, परामर्श आदिको आयोजना गर्ने र विद्यार्थीहरुलाई यसको निरन्तरताको लागि प्रोत्साहन गर्ने ।

(ड) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई प्राकृतिक प्रकोप तथा प्रकोपजन्य महामारीबाट बच्न सजग गराउने, चौमासिक रुपमा Drill अभ्यास समेत गराउने र त्यसबाट हुने जोखिम न्यूनीकरण गर्न पहल गर्ने ।

(ढ) महिनावारी स्वास्थ व्यवस्थापन कार्यक्रम संचालन गर्ने ।

(ण) विद्यालय तथा समुदायमा स्वस्थ जीवन प्रबर्द्धन कार्यक्रमको अभियन्ताका रुपमा रही कार्य गर्ने ।

२.<u>प्रतिकारात्मक सेवा</u>

(क) रोगहरुको रोकथामसँग सम्बन्धित सेवा सुविधाहरु उपलब्ध गराई आवश्यकतानुसार प्रेषण गर्ने ।

(ख) विद्यालय लक्षित खोप कार्यक्रम संचालन गर्न सहयोग गर्ने । साथै विद्यालय भर्नाको समयमा खोप कार्ड अनिवार्य गराउने ।

(ग) विद्यालयमा कुनै सरुवा रोग देखा परेमा स्थानीय स्वास्थ्य इकाईलाई सकभर छिटो जानकारी गराउने र व्यस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(घ) विद्यालयको वातावरण भौतिक तथा मनोसामाजिक रुपमा स्वस्थकर र बिद्यार्थी मैत्री बनाउन सहजीकरण गर्ने ।

३. <u>परामर्श सेवा</u>

(क) किशोराबस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन, प्रजनन् स्वास्थ्य, यौन तथा यौनिकता, महिनावारी व्यवस्थापन सम्बन्धी परामर्श दिने ।

(ख) मानसिक समस्या र अन्य स्वास्थ्य सम्बन्धी समस्या व्यवस्थापनका लागि विद्यार्थीहरुलाई मनोविमर्श दिने ।

(ग) अपांगता भएका विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गर्नका लागि शिक्षक, विद्यार्थी तथा अभिभावकलाई आवश्यकतानुसार परामर्श सेवा उपलब्ध गराउने ।

(घ) दीर्घ रोग लागेका तथा लामो समयसम्म उपचार आवश्यक पर्ने विद्यार्थीहरुको पहिचान गरि अभिभावक तथा विद्यार्थीलाई यथोचित परामर्श दिने ।

४. **स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार**

(क) स्थानीय स्वास्थ्य संस्था वा अन्य सहयोगी सस्थाहरुसँग समन्वय गरि आवश्यकतानुसार विद्यार्थिहरुको सामान्य स्वास्थ्य परीक्षण(आँखा, मुख, कान, दाँत, छाला आदि) गर्ने ।

(ख) पोषणको अवस्था पत्ता लगाउन एन्थ्रोपोईमेट्रिक मेजरमेन्ट गरि मापदण्ड अनुसार भए नभएको यकिन गर्ने ।

(ग) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य स्थितिको लेखाजोखा गर्ने ।

(घ) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई आईपर्ने घाउ, खटिरा तथा अपर्झट आईपर्ने स्वास्थ्य समस्याहरुको व्यबस्थापन गर्ने ।

(ङ) महिनावारीसँग सम्बन्धित विभिन्न किसिमका समस्याहरुको समाधान गर्न किशोरीहरुलाई सहयोग गर्ने ।

(च) विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग अनुसूची-१० बमोजिम पुर्व सुसूचित मन्जुरीनामा लिई राख्ने ।

(छ) दीर्घ रोग लागेका विद्यार्थीहरुको व्यक्तिगत कार्य योजना बनाई सम्बन्धित शिक्षक, कर्मचारी तथा परिवारका सदस्यहरु संलग्न गराई स्वास्थ्य सेवा प्रदान गर्ने गराउने ।

५. **प्रेषण सेवा**

(क) विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई थप उपचार आवश्यक भएमा समयमानै प्रेषण गर्ने । प्रेषण गर्दा प्रेषण गरिएको स्वास्थ्य संस्थासँग समन्वय गरि अनुसूची-११ बमोजिम प्रेषण पुर्जा भरेर पठाउनुपर्नेछ ।

(ख) विद्यार्थीलाई प्रेषण गर्नुपरेमा बिरामी विद्यार्थीको अभिभावकलाई खवर गरि बोलाउनु पर्ने ।

(ग) प्रेषण गरेका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई अनिवार्य अनुगमन गरि सो को अभिलेख चुस्तदुरुस्त राख्ने ।

६. **योजना तर्जुमा**

(क) आफुले गर्ने कामहरुको दैनिक, मासिक तथा वार्षिक कार्यतालिका बनाउने ।

(ख) प्रदेश तथा स्थानीय सरकारद्वारा सञ्चालित विद्यालय स्वास्थ्य कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक योजना तयार गर्न सहयोग गर्ने ।

(ग) कार्य सम्पादनका लागि आवश्यक सामाग्रीहरुको सुची तयार गरि प्रधानाध्यापक तथा विद्यालय व्यबस्थापन समितिमा पेश गर्ने ।

७. <u>समन्वययात्मक भूमिका</u>

(क) विद्यालय ब्यबस्थापन समिति तथा विद्यालय स्वास्थ्य इकाईसँग नियमित बैठक बसी स्वास्थ्यसँग सम्बन्धित विषयमा सुझाव दिने ।

(ख) विद्यालयको सिक्न र सिकाउनका लागि सुरक्षित वातावरण, स्वच्छ तथा स्वस्थकर खानेपानी बालबालिका तथा किशोरकिशोरी मैत्री सेवा, पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।

(ग) विद्यार्थीहरुलाई स्वस्थ राख्नका लागि अभिभावकहरुसँग समन्वय गरि शिक्षक तथा अभिभावकहरु बिच हुने बैठकमा आवश्यकतानुसार स्वास्थ्यसम्बन्धी विषयहरुमा जानकारी दिने तथा अन्तरक्रिया गर्ने ।

(घ) नसर्ने रोगहरुबाट बच्न जस्तै खोप तथा अन्य रोगहरुको जोखिम न्यून गर्ने उपायहरुका लागि आवश्यक समन्वय गर्ने ।

(ङ) विपद तथा प्रकोपको पुर्व तयारी तथा व्यबस्थापनका लागि स्थानीय सरकारसँग समन्वय गर्न विद्यालय व्यबस्थापन समितिलाई सहयोग गर्ने ।

(च) गुणस्तरीय विद्यालय स्वास्थ्य सेवाका लागि सरकारी तथा सामाजिक विकास सस्थाहरुसँग आवश्यक समन्वय गर्ने ।

(छ) विद्यार्थीहरुको नियमित स्वास्थ्य निरीक्षण गर्नका लागि कक्षा शिक्षकसँग समन्वय गर्ने ।

(ज) निर्देशनालय ,स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

८. <u>अभिलेख तथा प्रतिवेदन</u>

विद्यालयले विद्यार्थीहरुको स्वास्थ्य अवस्थाको अभिलेख राख्ने साथै यस कार्यविधि बमोजिम विद्यालयमा संचालन भएका स्वास्थ्य कार्यक्रमको प्रतिवेदन मासिक रुपमा महिना व्यतित भएको पहिलो हप्ताभित्र स्थानीय तह/निर्देशनालयमा पेश गर्ने ।

९. <u>अन्य कार्यहरु</u>

(क) प्रधानाध्यापकसँगको समन्वयमा स्वास्थ्य तथा वातावरणीय सरसफाई सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(ख) विद्यालय स्वास्थ्य तथा वातावरणको सुधारका लागि रणनीतिक योजना तयार गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(ग) सिकाई दुर्वलता भएका विद्यार्थीहरु समयमा नै पहिचान गरि आवश्यक व्यबस्था मिलाउन विद्यालय प्रशासन तथा सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(घ) शारीरिक दुर्वलता भएका विद्यार्थीहरुको लागि आवश्यकतानुसार सहयोग गर्ने ।

(ङ) शारीरिक सजाय रोक्न तथा नियन्त्रण गर्न शिक्षकशिक्षिकालाई सचेत तथा सहयोग गर्ने ।

(च) विद्यालय स्वास्थ्यसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान कार्यमा सहभागी हुने तथा आवश्यक सहयोग गर्ने ।

(छ) अत्यावश्यक संस्था जस्तै एम्बुलेन्स, ब्लड बैंक, दमकल, प्रहरी कार्यालयको फोन नम्बर विद्यालयको सूचना पाटीमा टाँस्ने ।

(ज) विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाहरुका लागि प्राथमिक उपचार सम्बन्धी तालिम संचालन गर्न आवश्यक पहल गर्ने ।

(झ) कक्षा कोठा र विद्यालयको वातावरण नियमित रुपमा अवलोकन गर्ने ।

(ञ) बालबिबाह बिवाह न्यूनीकरणका लागि आवश्यक कार्य गर्ने ।

अनुसूची-५

**विद्यालय नर्सिङ्ग कक्ष विस्तारका लागि आवश्यक पूर्वाधार सहित कार्यकक्ष सेटअप**

गुणस्तरीय विद्यालय स्वास्थ्य सेवा प्रवाहका लागि कम्तिमा दुईवटा कोठाको आवश्यकता पर्दछ ।

१. कार्यकक्ष सेटअप

२. क्लिनिक कक्ष सेटअप

**एक विद्यालय एक नर्स कार्यक्रमका लागि आवस्यक सामाग्रीहरु**

| क्र.सं. | कृयाकलाप | इकाई | संख्या | Strength |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स (कार्य कक्ष व्यबस्थापन) | | | |
| १.१ | कुर्सि (घुम्ने कुर्सि( | वटा | १ | Official,Standred size, branded |
| १.२ | टेबल | वटा | १ | Official,Standared size, branded |
| १.३ | दराज | वटा | १ | Official,Standared size, branded |
| १.४ | सूचनापाटि (स्वास्थ्य) | वटा | १ | 4Ft X 3Ft (height) |
| २ | व्यक्तिगत (विद्यालय नर्सका लागि) | | | |
| २.१ | ब्याग | वटा | १ | Standared size, branded |
| २.२ | परिचयपत्र | वटा | १ | |
| २.३ | छाता | वटा | १ | |
| २.४ | डाईरी | वटा | १ | Official,Standared size, branded |
| ३ | स्टेसनरी | | | |
| ३.१ | सादा फाइल | दर्जन | ८ | Official,Standared size, branded |
| ३.२ | इन्डेक्स फाइल | वटा | 20 | Official,Standared size, branded |
| ३.३ | फाइल राख्ने सानो होल्डर | वटा | १ | Official,Standared size, branded |
| ३.४ | रजिस्टर नं३.,४,५,६ (20 each size) | वटा | ८ | Official,Standared size, branded |
| ३.५ | A4 पेपर | रिम | १० | ८० gm |
| ३.६ | सादा पेन | दर्जन | २ | राम्रो खालको |
| ३.७ | जेल पेन | दर्जन | १२ | राम्रो खालको |
| ३.८ | पेन्सिल | दर्जन | २ | राम्रो खालको |
| ३.९ | ग्लुस्टिक (सानो, मध्यम र ठुलो( | वटा | ६ | राम्रो खालको |
| ३.१० | पंचिंग मेसिन (मध्यम ( | वटा | १ | राम्रो खालको |
| ३.११ | स्टिजपिन (सानो, मध्यम( | वटा | २ | राम्रो खालको |
| ३.१२ | Binding टेप (मध्यम ) | वटा | ५ | राम्रो खालको |

| | | | | |
|---|---|---|---|---|
| ३.१३ | स्टेप्लर (सानो, मध्यम( | वटा | २ | राम्रो खालको |
| ३.१४ | टेम्पोररी मार्कर | दर्जन | २ | राम्रो खालको |
| ३.१५ | पर्मानेन्ट मार्कर | दर्जन | २ | राम्रो खालको |
| ४ | **कोठाको ब्यबस्थापन** | | | |
| ४.१ | कार्पेट (प्लास्टिक लेमिनेटेड( | मिटर | १० | प्लास्टिक लेमिनेटेड |
| ४.२ | पर्दा (साधारण( | मिटर | ८ | साधारण कपडा सुतीको |
| ४.३ | तौलिया | वटा | १ | २ x ४ फिट |
| ४.४ | चप्पल | जोर | १ | |
| ४.५ | डोरम्याट (कालो प्लास्टिकको बिचबिचमा प्वाल भएको( | वटा | १ | Oficial Standred size, branded |
| ४.६ | तन्ना | वटा | २ | As made of cotton 5ft*7ft |
| ५ | **मेसिनरी तथा इलेक्ट्रोनिक सामान** | | | |
| ५.१ | Electric boiller(Hot and cold water) with dispenser | वटा | १ | कम्तिमा १ लिटर भएको |
| ५.२ | Hot water bag (electric) | pieces | २ | Oficial Standred size, branded |
| ५.३ | Room heater( gas/ electric) | pices | १ | Electric Helogen Room Heater 1200W ISO certified |
| ५.४ | ल्यापटप | वटा | १ | I3, DELL/HP/LENEVO or equivalent |
| ५.५ | प्रिन्टर (आवश्यकतानुसार) | वटा | १ | |
| ६ | **औषधि तथा औषधिजन्य सामान** | | | |
| ६.१ | Examination Bed | pieces | १ | Lenth 180 cm, Hight 75cm & Width 55cm , metallic |
| ६.२ | Foot step | pieces | १ | 53cmx53cm, 2 Step (Step size 26 cm ), Metalic |
| ६.३ | Pillow | pieces | १ | Lenth 70cm & Width 40cm Synthetic |
| ६.४ | Adult BP set (stethoscope and sphygmomanometer (Digital) | set | १ | SS metal, Rubber,Adult Size |
| ६.५ | Pediatric BP set (stethoscope and sphygmomanometer ) (Digital) | set | १ | SS metal, Rubber,Pediatri Size |
| ६.६ | Thermometer (Digital) | pieces | १ | Digital With Plastic cover & Normal Size |
| ६.७ | ENT Examination set | set | १ | |
| ६.७.१ | Tuning fork | pieces | १ | |
| ६.७.२ | Portable Torch light | pieces | १ | |
| ६.७.३ | Nasal Speculum (Small,Medium,Large) | pieces | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ६.७.४ | Tongue depressor (metal) | pieces | २ | |
| ६.७.५ | Foreign body remover hook (Ear) | pieces | १ | |
| ६.७.६ | Crocodile forceps(Nose) | pieces | १ | |
| ६.७.७ | Syringe 50 ml (Glass) | pieces | २ | |
| ६.७.८ | Syringe 100 ml ( Glass) | pieces | २ | |
| ६.८ | wrapper (1 meter) | meter | ४ | |
| ६.९ | cotton (२०० gm) | roll | ४ | |
| ६.१० | Bandage | थान | ८ | |
| ६.११ | wrapper (1 meter) for dressing set (2pcs in 1 set) | pieces | ४ | pure cotton (green color) |
| ६.१२ | Strecture | pieces | १ | |
| ६.१३ | Weight Machine | pieces | १ | Branded |
| ६.१४ | Height scale | pieces | १ | |
| ६.१५ | MUAC(Adult) Tape | pieces | २ | |
| ६.१६ | MUAC(Pediatric) Tape | pieces | २ | |
| ६.१७ | S chart (visual acuity chart) | pieces | १ | Laminated, standred size |
| ६.१८ | Tooth extraction set (Upper and lower12 forcep)-12 with mirror | set | १ | |
| ६.१९ | Dressing set | set | २ | SS Metal, Small size Standard equipments as below item |
| ६.१९.१ | Tooth Dissecting Forcep (155mm) | pices | २ | Do |
| ६.१९.२ | Non tooth Dissecting Forcep | pices | २ | |
| ६.१९.३ | suture cutting scissors, 140 mm | pices | २ | Do |
| ६.१९.४ | Artery Forcep (Straigth 140 cm) | pices | ४ | Do |
| ६.१९.५ | Kidney Tray-1 (400mm) | pices | २ | Do |
| ६.१९.६ | Bowel(180 ml) | pices | २ | Do |
| ६.१९.७ | wrapper(1 meter) | meter | ८ | pure cotton (green color) |
| ६.१९.८ | Eye Towel-1(1/2 meter) | meter | २ | pure cotton (green color) |
| ६.२० | Autoclave ( Electric Small) | pices | १ | |
| ६.२१ | Autoclave drum | pices | १ | Electrical SS Metal 12"x12" size, CE cerified |
| ६.२२ | Cheatle forcep with jar | pices | १ | SS Metal, Small size |

| | | | | |
|---|---|---|---|---|
| ६.२३ | sanitary Pad (कटनको wings वाला(१x २० | catoon | १ | |
| ६.२४ | I/V Stand | pices | १ | SS metal Normal size Double Instrument |
| ६.२५ | I/V set, | वटा | १० | |
| ६.२६ | Cannula 18 | वटा | ५ | |
| ६.२७ | Cannula 20 | वटा | १० | |
| ६.२८ | Coded plastic buckets of 20 lt( green,blue and red) | वटा | ४ | 20 lt capacity in green, blue and red colour |
| ६.२९ | Protective 26hloram (gloves, apron, goggles, boot, mask, cap,) | वटा | ४ | Normal Midium Size |
| ६.३० | Bata for preparing 0.5% chlorine solution | वटा | १ | Normal Size |
| ६.३१ | Tops Gloves | डिब्बा | १५ | |
| ६.३२ | Tab Paracetamol | Strip | ९५ | GMP certified |
| ६.३३ | Tab. Flexon | Strip | ५० | GMP certified |
| ६.३४ | Syp. Tricaine MPS | piece | ५० | GMP certified |
| ६.३५ | Antiseptic (Betadine, Detol) (४०० ml) | bottle | १० | GMP certified |
| ६.३६ | Cap/TabAmoxicillin(५००mg)(१x१० ) | Strip | ५० | GMP certified |
| ६.३७ | Cap/Tabciprofloxacin(५००mg)(१x१ ०) | Strip | ५० | GMP certified |
| ६.३८ | Tab. Azithromycin (५००mg)(१x१०) | Strip | ३० | GMP certified |
| ६.३९ | Tab Albendazol (४००mg)(१x१०) | Strip | ३० | GMP certified |
| ६.४० | Tab Metronidazole (४००mg)(१x१०) | Strip | ३० | GMP certified |
| ६.४१ | Lotion Calamine | bottle | २५० | GMP certified |
| ६.४२ | Tab. Avil (२५mg)(१x१०) | strip | १ | GMP certified |
| ६.४३ | Tab. Cetrizine (१०mg)(१x१०) | Strip | १० | GMP certified |
| ६.४४ | Inj. R/L, | pint | ३० | GMP certified |
| ६.४५ | Inj. Esomeprazole (40 mg) | Vial | ४ | GMP certified |
| ६.४६ | Inj. Ranitidine | Amp | ४ | GMP certified |

| | | | | |
|---|---|---|---|---|
| ६.४७ | Inj. N/S, | pint | ३० | GMP certified |
| ६.४८ | Inj. 5% Dextrose, | pint | ३० | GMP certified |
| ६.४९ | Inj.10% Dextrose, | pint | ३० | GMP certified |
| ६.५० | Inj. 25% Dextrose, | piece | ५ | GMP certified |
| ६.५१ | Syringe 50 ml | piece | २ | GMP certified |
| ६.५२ | Eye and Ear Oint/applicant Chloramphenicol | piece | ५०० | GMP certified |
| ६.५३ | Drop Cipro Eye and Ear (antibiotic) | piece | २५० | GMP certified |
| ६.५४ | Inj Hydrocortisone | 200mg | २ | GMP certified |
| ६.५५ | Inj Dexamethasone | 16 mg | २ | GMP certified |
| ६.५६ | Inj.Chlorpheniramine maleate | 25mg | २ | GMP certified |
| ६.५७ | Surgical Gloves | Pair | ५०० | |
| ७ | **सुचना शिक्षा तथा संचारका लागि आवश्यक सामाग्रीहरु** | | | |
| ७.१<br>७.२ | IEC/BCC/Health promotion corner<br>Anatomical Chart of Reproductive 5/4 | सेट | १ | सम्बन्धित स्वास्थ्य कार्यालयवाट व्यबस्था हुने (स्वास्थ्य आपूर्तिकेन्द्र र राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सुचना केन्द्रसँग समन्वय गरि) |

# अनुसूची -६

## कार्ययोजनाका विषयबस्तु

१. **दैनिक कार्ययोजना**

(क) विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाई गर्नका लागि उत्प्रेरित गर्ने र समयसमयमा निरीक्षण गर्ने ।

(ख) मेस वा क्यान्टिन भएको विद्यालयमा पुर्व निर्धारित खाना तथा खाजाहरु उपलब्ध भए नभएको सुनिश्चितता गर्ने ।

(ग) विद्यार्थिहरुले घरबाट ल्याएको खाजामा पत्रुखानाभए (Junkfood) नभएको निरीक्षण गर्ने । स्वास्थ्यलाई हानि गर्ने जस्ता खाजा खाना निरुत्साहित गर्ने ।

(घ) आवश्यक परेको खण्डमा विद्यार्थीहरुको स्वास्थ्य स्थिति बारे अभिभावकहरुसँग समन्वय गर्ने ।

(ङ) शिक्षक शिक्षिका/कर्मचारी तथा विद्यार्थीहरुको स्वास्थ्य समस्या तथा आवश्यकताहरु समाधान गर्न तत्पर भएर वस्ने ।

(च) आवश्यकतानुसार स्वास्थ्य शिक्षा तथा परामर्श दिने

२. **मासिक कार्य योजना**

(क) विद्यालय स्वास्थ्य ईकाई समितिको बैठक वस्ने ।

(ख) स्वास्थ्य तथा शिक्षा सँग सहयोग गर्ने सरकारी तथा गैह्र सरकारी सस्थाहरुको एउटा समिति बनाई नियमित बैठक वस्ने ।

(ग) विद्यालय व्यबस्थापन समितिको बैठकमा भाग लिने ।

(घ) अतिरिक्त क्रियाकलाप संचालन हुँदा आई पर्ने भवितव्यहरुको व्यबस्थापन गर्न तत्पर रहने ।

(ङ) विद्यालयमा संचालन हुने कार्यक्रमहरुमा स्वास्थ्यसँग सम्बन्धित जानकारीमुलक सुचना तथा सन्देश प्रवाह गर्ने ।

(च) स्वास्थ्य समस्याका कारणले गयल भएका विद्यार्थीहरुको अभिलेख राखी अभिभावकसँग आवश्यक छलफल गर्ने ।

(छ) नियमानुसार विद्यालय र स्थानीय स्वास्थ्य समन्वय इकाईमा प्रतिवेदन पठाउने ।

(ज) संघ/प्रदेश तथा स्थानीय तहबाट संचालित स्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरुमा आवश्यक सहयोग गर्ने ।

३. **वार्षिक कार्य योजना**

(क) विद्यालयमा स्वास्थ्यसम्बन्धी भएका कार्यक्रमहरुको अभिलेख राखुका साथै आवश्यकतानुसार सम्बन्धित निकायहरुमा प्रतिवदन पेश पेश गर्ने ।

(ख) वर्षभरिको लागि आबश्यक अनुमानित स्वास्थ्य शिक्षण, औषधि, औजार, उपकरण आदिको विवरण तयार पारी सम्बन्धित निकायमा पेश गर्ने ।

(ग) वर्षभरी विद्यालयमा संचालन गर्नुपर्ने स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम अनुसार क्रियाकलाप निर्धारण गरि कार्यतालिका बनाउने ।

(घ) विशेष जाँचहरु कमम्तिमा (दाँत र सामान्य, मुख,) बर्षको दुई पटक गर्न सोका लागि  सरकारी तथा गैह्र सरकारी संस्थाहरु संग समन्वय गरि तालिका बनाउने ।

(ङ) शिक्षकशिक्षिका कर्मचारी र अभिभावक विचको मिटिङ्गमा समय मिलाएर स्वास्थ्य सम्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रमको आयोजना गर्ने ।

## अनुसूची -७

## स्वास्थ्य शिक्षाका पाठहरू

१. आधारभूत शिक्षा

(क) व्यक्तिगत सरसफाई (personal hygiene)

(ख) मुख तथा दाँतको स्वास्थ्य (oral and dental health)

(ग) दाँत माझ्ने तरिका (tooth brushing technique)

(घ) हात धुने तरिका (hand washing technique)

(ङ) वातारणीय सरसफाई (environmental sanitation)

(च) चोटपटकबाट बच्ने (accident and safety measures)

(छ) सर्ने तथा नसर्ने रोगहरुको रोकथाम (prevention of communicable & non-communicable diseases)

(ज) पोषण (nutrition)

(झ) वालबालिका तथा किशोरकिशोरी दुर्व्यवहार (children & adolescence abuse)

(ञ) प्राथमिक उपचार (first aid)

(ट) महिनावारी स्वास्थ्य तथा सरसफाई व्यवस्थापन (menstrual health and hygiene management)

२. **माध्यामिक शिक्षा**

(क) सरुवा तथा नसर्ने रोगहरुको रोकथाम (preventive measures of communicable and non-communicable diseases)

(ख) व्यक्तिगत सरसफाई (personal hygiene)

(ग) मुख तथा दाँतको स्वास्थ्य (oral and dental health)

(घ) दाँत माझ्ने तरिका (tooth brushing technique)

(ङ) हात धुने तरिका (hand washing technique)

(च) वातारणीय सरसफाई (environmental sanitation)

(छ) चोटपटकबाट बच्ने (accident and safety measures)

(ज) पोषण तथा खानपानसँग सम्बन्धित व्यवहार (e.g. nutrition micronutrients, healthy food habits, food hygiene, meal planning, etc.)

(झ) प्राथमिक उपचार (first aid)

(ञ) किशोराबस्थामा हुने परिवर्तनहरु तथा महिनावारी स्वास्थ्य तथा सरसफाई व्यवस्थापन (pubertal changes and menstrual health and hygiene management)

(ट) प्रजनन स्वास्थ्य (reproductive health)

(ठ) यौन तथा यौनिकता (sex and sexuality)

(ड) यौन रोग एचआईभी र एड्स ,(STDs, HIV and AIDS)

(ढ) परिवार योजना (family planning)

(ण) **धुम्रपान/औषधी दुव्यसनी/मध्यपान तथा लागुपदार्थ,** (Smoking,alchol and drug abuse)

(त) मनोसामाजिक परामर्श (psychosocial counseling)

(थ) प्रकोप तथा विपद ब्यबस्थापन (disaster management)

(द) बाल दुर्व्यवहार तथा बाल सुरक्षा (child abuse and child safety)

# खण्ड ख
## सामाजिक विकास महाशाखासंग सम्बन्धित

PLMBIS Code No. **६.२.२.११ बाल विवाह बिरुद्धको अभियान कार्यक्रम**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | १. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,<br>२. बाल विवाहका सम्वन्धमा विद्यमान सामाजिक, साँस्कृतिक, परम्परागत हानिकारक अभ्यास र मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने,<br>३. बाल विवाह विरुद्धका अभियानमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गर्ने,<br>४. बाल विवाह अन्त्यका लागि सवै सरोकारवालाहरुसंग सहकार्य गर्ने,<br>५. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने । |
| **सञ्चालन गर्न सकिने कार्यक्रम** | १. बाल विवाह अन्त्य सम्वन्धी स्थानीय तहको रणनीति निर्माण गर्न तथा स्थानीय तहले बनाएको रणनीति कार्यान्वयन गर्न,<br>२. बाल विवाह अन्त्य गर्न विद्यालय/सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्न,<br>३. बाल विवाह विरुद्ध सरकारी, गैर सरकारी, नीजि संघसंस्थाहरु र परिवारसँग समन्वय गरी बालक्लब र समुदायका बाल बालिकाहरुको क्षमता अभिवृद्धि गर्न,<br>४. बाल अधिकार, लैङ्गिकता, पितृसत्तात्मक सोच, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा बालक, बालिका, किशोर, किशोरी तथा पुरुषहरूको सहभागिता तथा सचेतना अभिवृद्धि गर्न,<br>५. बाल विवाह अन्त्य सम्वन्धी सचेतनामुलक जिङ्गल उत्पादन तथा प्रशारण, होडिङ्ग बोर्ड राख्र, पोस्टर, पम्प्लेट, ब्रोसर जस्ता सचेतना तथा सूचनामुलक सामाग्री उत्पादन तथा वितरण गर्न,<br>६. बाल विवाह तथा बालबालिका माथि हुने हिंसाका घटनाहरुको व्यवस्थापन<br>७. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरू लगायतलाई आवश्यक तालिम प्रदान गर्न,<br>८. हाल जिल्ला समन्वयमा कार्यरत बालविवाह मुक्त प्रदेश निर्माण सहजकर्ताहरुलाई आवश्यकता |

| | |
|---|---|
| | अनुसार परिचालन गर्ने,<br>९. वालविवाह अन्त्यका लागि प्रभावकारी ठानिएका अन्य कार्य गर्न। |
| **बजेट बाँडफाँड** | कार्यक्रम सञ्चालनका लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ। प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरि कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| **खर्च र लेखापरीक्षणः** | बाल विवाह अन्त्यको लागि मन्त्रालयबाट प्राप्त भएको सशर्त अनुदानको रकम खर्च गरी आय व्ययको विवरणको प्रचलित कानुन वमोजिमको लेखा राख्नुपर्नेछ। कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ। सोको प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बन्धीत निकायहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ । |
| **प्रतिवेदन** | बाल विवाह तथा बालबालिका विरुद्धका हिंसाका घटना व्यवस्थापन सम्वन्धी कार्यक्रमहरुको प्रगती प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

नोटः बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बाल विबाह अन्त्य सम्वन्धी प्रदेशीक रणनीति, २०७६ र स्थानिय तहको रणनीति समेत कार्यान्वयन गर्ने खालको हुनुपर्नेछ।

## PLMBIS Code No. ६.२.२.१४ बाल मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | १. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल अधिकारको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि कार्यक्रमहरु प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,<br>२. बाल अधिकार हननका घटनाहरुको पहिचान गरी तिनका विरूद्ध सचेतना अभिवृद्धि गर्ने,<br>३. बाल अधिकार हनन् भएमा तत्काल बालबालिकालाई संरक्षण गरि बाल अधिकार हनन् गर्नेलाई कानूनी दायरामा ल्याउने,<br>४. समुदायमा आधारित संरक्षण प्रणाली र बालबालिका लक्षित संस्थागत संरचनाको सुदृढीकरण गर्ने,<br>५. बालमैत्री भौतिक संरचनाको निर्माणमा सहयोग गर्ने,<br>६. बालबालिका लक्षित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने । |
| **सञ्चालन गर्न सकिने कार्यक्रम** | १. प्रत्येक बालबालिकाहरुले पूर्ण रुपमा खोप (डिपिटी, विसिजी, हेपाटाइटिस बि, हिब ३, दादुराको मात्रा) र ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाउने कार्यक्रम संचालन गर्न,<br>२. गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएर नवजात शिशुको संरक्षण गर्न,<br>३. ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान (आमाको दूधमात्रै खुवाउने), ५ बर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता सम्वन्धी अभियान चलाउने,<br>४. बाल विवाह अन्त्य, निकृष्ट प्रकारको बालश्रम तथा घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध |

| | |
|---|---|
| | हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन,<br>५. बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याउन,<br>६. ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना तथा कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना अभियान संचालन गर्न,<br>७. औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था सम्वन्धी कार्यक्रम संचालन गर्न,<br>८. प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था तथा प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन गर्न,<br>९. स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष सम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराउन तथा क्षमता विकास गर्न,<br>१०. स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिने कार्यक्रम गर्न।<br>११. स्थानीय तहको हरेक वडा र पालिका तहमा बालक्लब सञ्जाल गठन भै क्रियाशील गराउने कार्यक्रम गर्न,<br>१२. स्थानीय तहले बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन,<br>१३. स्थानीय तहमा बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन प्रवर्धन समिति गठन तथा क्षमता विकास कार्यक्रम गर्न,<br>१४. बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउन,<br>१५. बाल संरक्षण कोष स्थापना तथा संचालन गर्न,<br>१६. स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक गर्न । |
| **बजेट बाँडफाँड** | कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ । प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरि कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| **खर्च र लेखापरीक्षणः** | बालमैत्री प्रोत्साहन कार्यक्रम संचालनका लागि मन्त्रालयबाट प्राप्त भएको सशर्त अनुदान रकम प्रचलित कानुन वमोजिम खर्च गरी आय व्यय विवरणको लेखा राख्नुपर्नेछ। कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ। सोको प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बन्धीत निकायहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ । |
| **प्रतिवेदन** | बालमैत्री प्रोत्साहन कार्यक्रमको प्रगती प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

PLMBIS Code No. **६.२.२.१२ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | १. अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने,<br>२. अपाङ्गता भएका व्यक्तिहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बढाउने,<br>३. अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनिकरण र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्ने,<br>४. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास, लघु ऋण, सहायक सामाग्री आदि) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्बी बनाउने । |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालन सम्बन्धीत स्थानीय तहले अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्नेछ । संस्था छनौट गर्दा कम्तीमा १५ दिनको म्याद राखि प्रस्ताव आव्हान सम्वन्धी सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचनामा अनुसूची १ बमोजिमका संस्था छनौटका आधारहरु र अन्य दरखास्तसंगै पेश गर्नुपर्ने कागजातहरुका बारेमा समेत उल्लेख गर्नुपर्नेछ । संस्था सम्बन्धीत स्थानीय तहको हुनुपर्नेछ । यदि स्थानीय तहमा अपाङ्गता भएका क्षेत्रमा काम गर्ने संस्था उपलब्ध नभएमा सम्बन्धीत जिल्ला भित्रकै संस्था मध्येबाट छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |
| सि. वि. आर. समन्वय तथा अनुगमन समिति | प्रत्येक स्थानीय तहमा तपसिल बमोजिमको सी. बी. आर. समन्वय तथा अनुगमन समिति गठन गर्नुपर्नेछः<br>संयोजक - उपप्रमुख/ उपाध्यक्ष — स्थानीय तह<br>सदस्य - प्रमुख प्रशासकिय अधिकृत — सम्बन्धित स्थानीय तह<br>सदस्य - अपाङ्गता सम्बन्धी काम गर्ने संघ/संस्थाको प्रतिनिधी — सम्बन्धीत जिल्ला/ स्थानिय तह<br>(सम्बन्धीत स्थानीय तहले मनोनित गर्ने)<br>सदस्य - अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्य मध्येबाट १ जना<br>(सम्बन्धीत स्थानीय तहले मनोनित गर्ने)<br>सदस्य सचिव - सम्बन्धीत स्थानीय तहको महिला तथा बालबालिका शाखा/सामाजिक विकास शाखा हेर्ने कर्मचारी |
| **सि.वि.आर. समन्वय तथा** | (क) सि.वि.आर. समन्वय तथा अनुगमन समितिको बैठक वसी संस्था छनौट गर्ने । यसका लागि |

| | |
|---|---|
| **अनुगमन समिति काम, कर्तव्य र अधिकार** | बैठकमा आवश्यकता अनुसार सम्बन्धीत विषयका विज्ञ वा अन्य व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।<br>(ख) सी वी आर कार्यक्रम संचालन गर्ने संस्था छनौट भएपछि सो संस्थाले संचालन गर्ने कार्यक्रमको प्रस्तावना स्वीकृत गर्ने ।<br>(ग) प्रस्तावना अनुसार कार्यक्रम सञ्चालन भए/नभएको अनुगमन गरि आवश्यक पृष्ठपोषण र निर्देशन दिने ।<br>(घ) सी वी आर कार्यक्रम संचालन गरेको संस्थाले लक्ष्य अनुसार कार्यक्रम संचालन नगरेको पाइएमा संम्झौता रद्द गरि अन्य संस्थालाइ प्रक्रिया पुरा गरी कार्यक्रम संचालन गर्न दिने । यसका लागि संस्थालाई सफाइको मौका भने दिनुपर्नेछ । |
| **अनुदान रकम उपलव्ध नगराईनेः** | यस मार्गदर्शनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका संस्थाहरूलाई अनुदान रकम उपलव्ध गराईने छैन :–<br>(क) यस अघि स्थानीय तहबाट लिएको अनुदानको हिसाव पेश नगरेको,<br>(ख) अनुगमनबाट कार्यक्रम संतोषजनक रूपले सञ्चालन गरेको नदेखिएको,<br>(ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु संलग्न नगरेको एवम् संस्थाको विवरण पूर्णरुपमा उल्लेख नगरेको ।<br>(घ) गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन पेश नगरेको,<br>(ङ) स्थानिय तहले तोकेको समयमा सम्झौता गर्न नआउने संस्था । |
| **संस्थाले संचालन गर्ने मुख्य मुख्य क्रियाकलाप** | १. अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने,<br>२. स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवक लगायतका सरोकारवालाहरुसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने,<br>३. अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,<br>४. अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेंवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्यपोचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने,<br>५. अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध, न्यूनिकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने, |

| | |
|---|---|
| **अनुदान प्राप्त गर्ने संस्थाको दायित्व** | अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछ :–<br>(क) प्राप्त अनुदानको हिसाव किताब स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्नेछ,<br>(ख) वित्तिय तथा भौतिक प्रगति विवरण प्रत्येक चौमासिक सकिएको १५ दिनभित्र स्थानीय तहमा पेश गर्नुपर्नेछ,<br>(ग) प्राप्त अनुदानको रकम उपयोग गर्न नसकेमा बाँकी किस्ता पनि निकासा दिन स्थानीय तह बाध्य हुने छैन,<br>(ङ) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गरी सो को एक प्रति र त्यस उपर संस्थाको प्रतिकृया सहितको प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ । |
| **बजेट बाँडफाँड** | कार्यक्रम सञ्चालनका लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ । |
| **खर्च र लेखापरीक्षणः** | सशर्त अनुदानको रकम सामान खरिदका लागि खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खर्च गर्नुपर्नेछ साथै गोष्ठी, सेमिनार, तालिम, दैनिक भ्रमण खर्च आदिको सम्बन्धमा विद्यमान ऐन, कानूनले तोके बमोजिम गर्नुपर्नेछ र प्रचलित कानुन वमोजिम आय व्यय विवरणको लेखा राख्नुपर्नेछ । खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम गराई सोको प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बन्धीत निकायहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ । |
| **प्रतिवेदन** | कार्यक्रमको प्रगती प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले मन्त्रालयमा पठाउनुपर्नेछ । |

## अनुसूची १

### १. संस्था छनौटका लागि मूल्याङ्कन गर्ने आधारहरु

क. अपाङ्गताको क्षेत्रमा कार्यरत संस्था

- विगतमा सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव

  १ वर्ष भन्दा कम

  १ वर्ष देखि ३ वर्ष सम्म

  ३ वर्ष भन्दा माथि

ख. संस्थामा कार्यरत तलबी कर्मचारीको संख्याः

  १ देखि ४ जना,

  ५ जना भन्दा माथि

ग. भौतिक पूर्वाधारको अवस्था

  १ कार्यालयको आफ्नै भवन कम्पाउण्ड समेत, कार्यालय कोठा मात्र, टेलिफोन, फर्निचर, कम्प्युटर आदि ।

  २संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली,

  ३स्थानिय तहले निर्धारण गरेका अन्य आधारहरु

**२. संस्था छनौट प्रक्रियामा दरखास्तसंगै बुझाउनुपर्ने कागजपत्र तथा दस्तावेजहरु**

(क) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,

(ख) संस्था दर्ता नवीकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,

(ग) समाज कल्याण परिषद् को आवद्धता प्रमाण पत्र

(घ) गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन,

(ङ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्साउने कागजात ।

## खण्ड ग
## शिक्षा, खेलकुद र साँस्कृतिक

## शिक्षा, खेलकुद र साँस्कृतिक क्षेत्रमा

## आ व २०७६/०७७ मा

## स्थानीय तहमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमहरु

| क्रियाकलाप नं. र खर्च शीर्षक नं. | कार्यक्रम र कार्यक्रमको उदेश्य | कार्यक्रमकार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| क्रियाकलाप नं. ६.२.२.१ खर्च शिर्षक नं. २६३१२ | कार्यक्रम :सामुदायिक विद्यालयका बाल शिक्षकहरुका लागि प्रोत्साहन अनुदान<br><br>उद्देश्य : सामुदायिक बालबिकास शिक्षकहरुको मनोबल उच्च बनाई उनीहरुबाट प्रवाह हुने सेवाको गुणस्तर वृद्धि गर्नु । | • सामुदायिक बालविकास कक्षा र त्यसमा नियुक्त भई कार्यरत बालशिक्षकहरुको विवरण संकलन गर्ने<br>• विद्यालय/बालविकास केन्द्रले कार्यरत बालशिक्षकको हाजिरी प्रमाणित सहित प्रोत्तसाहन भत्ता माग गर्ने<br>• स्थानीय तहले बालशिक्षकहरुको पारिश्रमिक निकासा गर्दा सोही प्रक्रिया अनुसार प्रतिमहिना रु. १०००/- का दरले वार्षिक १३ महिनाको प्रोत्साहन भत्ता निकासा दिने । | स्थानीय तह विद्यालय/बाल विकास केन्द्र | पहिलो, दोस्रो र तेस्रो चौमासिक | कार्यरत बालशिक्षकहरुको संख्या<br>माग फाराम<br>निकासा पत्र |
| क्रियाकलाप नं.: ११.४.२१.१<br><br>खर्च शीर्षक नं. ३११५९ | कार्यक्रम : गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि भरतपुर महानगरपालिकालाई अनुदान<br>उद्देश्य :राष्ट्रिय पहिचानको सम्भावना बोकेको क्रिकेट खेलको प्रवर्द्धनमा सहयोग पुऱ्याउनु । | • डिपिआर, ड्रइङ डिजाइन,लागत स्टिमेटले औंल्याए बमोजिमको कार्य गर्नका लागि आर्थिक कार्यविधि ऐन तथा नियमावलीमा उल्लेख भएका प्रक्रिया बमोजिम निकासा दिने । | भरतपुर महानगरपालिका गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण समिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक | निकासा पत्र<br>रंगशालाको भौतिक अवस्था<br>रनिङ बिल/कार्य सम्पन्न प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| क्रियाकलाप नं. ११.४.२२.३ खर्च शिर्षक नं. २६३१२ | कार्यक्रम : मेलम्ची धर्मशाला (किरियापुत्री घर निर्माण) उद्देश्य :साँस्कृतिक उन्नयनका लागिअन्तिम संस्कारमा प्रयोग हुने किरियापुत्री घर निर्माण गर्नु । | • फिल्ड अनुगमन गर्ने<br>• घर निर्माण समिति गठन गर्ने<br>• जग्गा एकिन गर्ने<br>• डिजाइन तथा लगत इष्टिमेट गरी सझौता गर्ने<br>• सम्झौता गरी बढीमा तिन किस्तामा निकासा दिने<br>• अनुगमन तथा प्रतिवेदन<br>• सझौता अनुसारका कार्यसम्पादन सम्पन्न भएपछि आवश्यक कागजात सहित पेश भएपछि अन्तिम किस्ता निकाशा दिने । | मेलम्ची नगरपालिका सम्बन्धित संस्था/किरियापुत्री घर निर्माण समिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक | निर्माण भएको किरियापुत्री घर |

| | | | | | |
|---|---|---|---|---|---|
| क्रियाकलाप नं. ६.२.२.२ खर्च शिर्षक नं. २६३१२ | कार्यक्रम : पाँचपोखरी थाङ्पाल गा.पा.-४ को रैथाने मा.वि.लाई नमूना विद्यालय पूर्वाधार विकासका लागि अनुदान<br>उद्देश्य :शिक्षाको पहुँच र गुणस्तरमा अभिवृद्धिका लागि रैथाने मा.वि.लाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक पूर्वाधार विकास गर्न सहयोग गर्नु । | • विद्यालयबाट प्रस्ताव माग गर्ने<br>• प्रस्ताव समेतका आधारमा फिल्ड अनुगमन गर्ने<br>• विद्यालयले पूर्वाधार निर्माण समिति गठन गर्ने<br>• विद्यालयको जग्गा एकिन गर्ने<br>• डिजाइन तथा लगत इष्टिमेट गरी विद्यालयसँग सझौता गर्ने<br>• नमूना विद्यालय विकासको लागि गुरु योजना बनाई गाउँपालिकामा पेस गर्ने<br>• सम्झौता गरी विद्यालयलाई बढीमा तिन किस्तामा निकासा दिने<br>• अनुगमन तथा प्रतिवेदन<br>• सझौता अनुसारका कार्यसम्पादन सम्पन्न भएपछि आवश्यक कागजात सहित पेश भएपछि अन्तिम किस्ता निकाशा दिने । | पाँचपोखरी थाङ्पाल गा.पा. रैथाने मा.वि. | पहिलो, दोस्रो र तेस्रो चौमासिक | रैथाने मा.वि.को पूर्वाधारमा आएको परिवर्तन<br>स्थलगत अनुगमन प्रतिवेदन |